सूचना सूवना सूचना ।

ललितपुर जिल्ला अदालतबाट जारि गरिएको सूचना

**यस अदालतबाट प्रवाह हुने सेवा र सेवाग्राहीको प्रवेशलाई सुरक्षित, सुविधाजनाक र व्यवस्थित वनाउनका लागि मिति २०८०।०५।०८ गते को निर्णय अनुसार मिति २०८०।०५।१० गते बाट प्रवेश-पास र टाइम कार्ड लागु भएको व्यहोरा सम्बन्धी सबैमा जानकारीको लागि देहाय बमोजिमको सूचना जारी गरिएको छ।**

१. सेवा लिनको लागि भित्र प्रवेश गर्दा पासको अनिवार्य व्यवस्था गरिएकोले तारेख पर्चा देखाई पास लिई सहयोग गरिदिन हुन ।

२. तारेख पर्चा नभएमा आफ्नो कामको व्यहोरा जानकारी गराई आफू सँग भएको परिचय पत्र देखाइ प्रवेश पास लिनु हुनु ।

३. थुनुवाहरूलाई प्रवेश पास अनिवार्य नगरिएको र निजको आफन्त १ जना लाई परिचय-पत्र देखाइ प्रवेश पास दिइने ।

४. नियमित प्रयोगकर्ताहरूलाई परिचय-पत्रको व्यवस्था नहुन्जेल सम्म आफ्नो व्यक्तिगत परिचय-पत्र वा तारेख पर्चाको आधारमा प्रवेश पास दिने ।

५. कानून व्यवसायीलाई लोगो र निजको पोषाकको आधारमा प्रवेशको व्यवस्था गरिने ।

६. आफूले पाएको पास काम सकि बाहिर निस्किदा पास अनिवार्य रूपमा मूलगेटमा रहेका सुरक्षाकर्मी वा अदालतको कर्मचारीलाई फिर्ता गरि दिन हुन ।

७. अदालत भित्र प्रवेश गर्दा आफ्नो मोवाइल साइलेन्टमा राख्नु होला र इजलास भित्र प्रवेश गर्दा मोबाइल स्वीच अफ गर्नु होला ।

# सूचना सूवना सूचना ।

ललितपुर जिल्ला अदालत

## ललितपुर जिल्ला अदालतबाट जारि गरिएको सूचना

यस अदालतबाट प्रवाह हुने सेवा र सेवाग्राहीको प्रवेशलाई सुरक्षित, सुविधाजनाक र व्यवस्थित वनाउनका लागि मिति २०८०।०५।०८ गते को निर्णय अनुसार मिति २०८०।०५।१० गते बाट प्रवेश-पास र टाइम कार्ड लागु भएको र अदालतको भौतिक अवस्था, पूरानो मुद्दा र क्षेत्राधिकार थपबाट बढेको मुद्दाहरु समयमा फछर्यौट गर्नु पर्ने समेतको कारण सेवाग्राहीलाई प्रदान गर्नु पर्ने सेवाप्रवाहलाई व्यवस्थित बनाउनका लागि अदालतको समय अवधीलाई विचार गरी देहाय बमोजिमको  गर्ने भनि मिति २०८०।०५।०८ गते को निर्णय अनुसार सूचना जारी गरिएको छ।

(क) आकस्मिक अवस्थामा बाहेक म्याद थप,पक्राउ पुर्जी,अनुमती,कलडिटेल आदि अनुसन्धान अधिकारीबाट आएको कार्यहरु २:३० बजे गरिने ।

(ख) निम्न बमोजिम कार्यहरु (आइतबार देखि विहिबार सम्म ३:०० बजे सम्म र शुक्रबार १ बजे सम्म) व्यवस्थित गर्ने

- फिराद, प्रतिउत्तर, अभियोग, पुनरावेदन आदी दर्ता

- विशेष प्रकृतिको निवेदनहरु

- साक्षी बकपत्रको लागि तोकिएको पहिलो दिन अपरान्ह २:०० बजे पछी र सो दिन बकपत्र सम्पन्न हुन नसकेमा भोलिपल्ट(निरन्तर)हुने बकपत्र ११.००बजे सुरु गर्ने ।